नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# सामाजिक सुरक्षा कोष

बबरमहल, काठमाडौं

**प्रेस विज्ञप्ति**

पत्र संख्याः
चलानी नं.:

*(अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको शुभारम्भ)*

औपचारिक क्षेत्रका निजी संगठित संस्थामा कार्यरत श्रमिकहरुका लागि सामाजिक सुरक्षा योजना र वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरु कार्यान्वयन भइरहेको सन्दर्भमा सामाजिक सुरक्षा कोषले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूबाट आज मिति २०८०/०४/३१ गते शुभारम्भ भएको सगौरव जानकारी गराउदछौं।

*अनौपचारिक क्षेत्रमा रहेका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना संचालन कार्यविधि, २०७९* बमोजिम अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरुले नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको २०.३७% रकम अर्थात् न्यूनतम एक हजार नौ सय बाह्र रुपैया र स्वरोजगारमा रहेका व्यक्तिहरुले नेपाल सरकारले तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ३१% अर्थात् न्यूनतम रु. दुई हजार नौ सय नौ रुपैया पैंतिस पैसाका दरले अधिकतम यसको तीन गुणासम्म मासिक रुपमा कोषमा योगदान गरी कोषबाट संचालित विभिन्न योजनाहरुमा सहभागी हुन सक्नेछन्। जसअन्तर्गत औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजना अन्तर्गत रही विभिन्न सुविधाहरु लिन सकिन्छ। अनौपचारिक क्षेत्रका श्रमिकको हकमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सह-योगदान गर्न सक्ने व्यवस्था पनि छ।

कोषमा नियमित रुपमा योगदान गर्ने योगदानकर्ताहरुलाई १ लाखसम्मको औषधी उपचार, महिला योगदानकर्ताको हकमा न्यूनतम आधारभुत पारिश्रमिकको ९८ दिनसम्मको साठी प्रतिशतले हुन आउने रकम प्रसूति सुविधा, शिशु स्याहार बापत प्रति शिशु एक महिनाको न्यूनतम आधारभूत पारिश्रमिक बराबरको रकम उपलब्ध गराइने व्यवस्था रहेको छ । दुर्घटनामा ७ लाख सम्मको उपचार खर्च, स्थायी असक्षमताको हकमा न्यूनतम आधारभुत पारिश्रमिकको ६० प्रतिशतले हुन आउने रकमका साथै योगदानकर्ताको मृत्यु भएमा निजको आश्रित परिवारलाई पेन्सन सुविधा, अन्तिम संस्कार खर्च बापत रु २५ हजार र निजका सन्ततिको हकमा २१ वर्षसम्म शैक्षिक वृत्ति लगायतका सुविधाहरुको व्यवस्था छ।

अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजनाको शुभारम्भले योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सबैका लागि हुने गरी व्यापकता प्राप्त गर्ने विश्वास कोषले लिएको छ। कार्यविधिले व्यवस्था गरेका सुविधाबारे विस्तृत जानकारीका लागि कोषको website: https://ssf.gov.np/list/act_regulation मार्फत् प्राप्त गर्न सकिने छ। कोषको दायरा र कार्यक्षेत्र विस्तारमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुप्रति कोष आभार व्यक्त गर्दछ।

मितिः २०८०।०४।३१

२०८०।४।३१
विवेक पन्थी
प्रवक्ता